# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

**निर्माण कार्य खरिद सम्बन्धी विद्युतीय सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति २०७८/११/०५)**

यस कार्यालयको चालु आ.व.०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित निर्माणकार्यहरु विद्युतीय सिलवन्दी दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय सिलवन्दी दरभाउपत्र पेश गर्न योग्य तथा ईच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा ब्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.०७७।०७८ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १६ औं (सोह्रौ) दिनको १२.०० बजे भित्र यस कार्यालयमा विद्युतीय सिलवन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्रताले यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट सिलवन्दी दरभाउपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२.सिलवन्दी दरभाउपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर स्क्यान प्रति ( pdf format) e-GP पोर्टलमा अपलोड गरी सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**<u>बोलपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>**

बैकको नामः राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय ओखलढुंगा
कार्यालयको नामः सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा बैक खाता नं.: २०७०१००३०१०१०००३

३.सिलवन्दी दरभाउपत्रदाताहरुले सिलवन्दी दरभाउपत्रहरु विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत २०७८/११/२० गते दिनको १२.०० वजे भित्र पेश गरिसक्नु पर्नेछ । उल्लेखित मिति र समय पछि प्राप्त दरभाउपत्र स्वीकार हुने छैन ।

४. तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय सिलवन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( दरभाउपत्रदाता वा प्रतिनिधि नभए पनि ) सोही दिनको २:०० बजे देखि यस कार्यालयमा खोलिने छ ।

५.दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको दरभाउ जमानत पत्र पेश गर्नु पर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य अवधि दरभाउपत्र मान्य हुने अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ ।

७. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

९. खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्वन्धी जानकारी लागि यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np र Bid Docupment मा उपलब्धछ ।

**तपसिल**

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | दरभाउपत्र फारम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| Work/19/078/79 | जन्तरखानी चिस्यान केन्द्रको बाकी काम वार्ड नं. ६ ठाडे | १७,२७,९८२/६६ | १,०००/- | ४३,५००/- | |
| Work/20/078/79 | नाल्सु भदौरे सडक निर्माण सिद्धिचरण नगरपालिका वार्ड नं. १ | १५,०३,९५२/६३ | १,०००/- | ३८,०००/- | |
| Work/21/078/79 | विगुटार विल्दु सडक निर्माण सिद्धिचरण नगरपालिका वार्ड नं. ७ | ७,५१,८१३/६१ | १,०००/- | १९,०००/- | |

२०७८/११/०४
नि. प्रमुख प्रशासकिय अधिकृत
महेन्द्रराज राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत